"समृद्ध नगर : खुसी नगरवासी"

गुर्भाकोट नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

सुभाघाट, सुर्खेत
कर्णाली प्रदेश, नेपाल
२०७३

गुर्भाकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शिक्षा युवा तथा खेलकुद शाखा
सुभाघाट, सुर्खेत
२०७३

०८३-४१००७२
E-mail: info@gurbhakotmun.gov.np
Website: gurbhakotmun.gov.np

पत्र संख्या : २०७७/०७८ (शिक्षा, युवा तथा खेलकुद शाखा)
चलानी नं. :

मिति : २०७८।०२।३१

**विषय : शैक्षिक सत्र २०७८ को लागि विद्यार्थी भर्ना सम्वन्धी सूचना ।**

श्री सम्पूर्ण विद्यालयहरु (सामुदायिक तथा संस्थागत सबै) ।
गुर्भाकोट नगरपालिका, सुर्खेत ।

प्रस्तुत विषयमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७८।२।२३ गतेको निर्णयानुसार शिक्षा तथा मानव स्रोत विकास केन्द्रको मिति २०७८।२।२४ गतेको सूचना बमोजिम शैक्षिक सत्र २०७८ को नयाँ विद्यार्थी भर्ना २०७८ असार १ गतेदेखि गर्न भएको परिपत्र तथा यस नगर शिक्षा समितिको मिति २०७८।०२।२८ गतेको बैठकको निर्णय बमोजिम शैक्षिक सत्र २०७८ को नयाँ विद्यार्थी भर्ना कार्यकम असार १ गतेदेखि असार १० गते सम्म सञ्चालन गर्न निर्देशनानुसार अनुरोध छ । साथै भर्ना कार्यक्रम सञ्चालन गर्दा स्वास्थ्य सम्वन्धि मापदण्डहरुको पूर्ण पालना गर्दे तपसिल बमोजिम गर्नु गराउनुहुन अनुरोध छ ।

२।३१
(पदम बहादुर वि.क.)
अधिकृत छैठौं (शि.प्र.)

**तपसिल**

१. सूचना प्रविधिको साधनको प्रयोग गरी आफ्नो विद्यालयमा शैक्षिक सत्र २०७७ मा अध्ययन गरेका विद्यार्थीहरु अर्को विद्यालयमा भर्ना हुन जाने नजाने एकिन गरी कक्षोन्नती भएको कक्षामा भर्ना लिने,
२. आफ्नो विद्यालयमा शैक्षिक सत्र २०७७ मा अध्ययन गरेका विद्यार्थीहरु अर्को विद्यालयमा स्थानान्तरण भै भर्ना हुन जाने भएमा प्रधानाध्यापकले भर्ना हुन जाने विद्यार्थीहरुको अभिभावकको सम्पर्क नं. सहितको विद्यार्थी विवरण उल्लेख गरी सम्वन्धित विद्यालयलाई पत्राचार गर्ने,
३. बुदा नं. २ बमोजिमको पत्र प्राप्त भएमा भर्ना हुन आएका विद्यार्थीहरुको अभिभावक संग सम्पर्क गरी विद्यालयले भर्ना लिने तर विद्यालय नियमित सञ्चालन हुन वित्तिकै विद्यार्थी/अभिभावकसंग विद्यालयले अन्य आवश्यक कागजात लिने,
४. भर्ना भएका विद्यार्थीहरुलाई असार १५ गते भित्र घरघरमा पाठ्यपुस्तक पुर्‍याउने ब्यवस्था मिलाउने, सामुदायिक विद्यालयहरुमा पाठ्यपुस्तक वापतको रकम अपुग भएमा खरिद गरेको विल तथा पाठ्यपुस्तक बुझेको भरपाई र नाम नामेसी सहितको कक्षागत विद्यार्थी भर्ना विवरण संलग्न राखी यथाशिघ्र माग गर्ने,
५. भर्ना भएका विद्यार्थीहरुको लागि प्राप्त भएको छात्रबृत्ति समयमै वितरण गर्ने, छात्रबृत्ति वापतको रकम अपुग भएमा छात्रबृत्ति बुझेको भरपाई र नाम नामेसी सहितको कक्षागत विद्यार्थी भर्ना विवरण संलग्न राखी यथाशिघ्र माग गर्ने,
६. विद्यार्थी भौतिक रुपमा विद्यालयमा उपस्थित भई हुने नियमित पठनपाठन सूचारु नहुन्जेल सम्मका लागि सम्भाव्य बैकल्पिक माध्यमवाट शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गर्नका लागि कार्ययोजना बनाई शैक्षिक सत्र २०७८ को शिक्षण सिकाईलाई निरन्तरता दिने,
७. भर्ना, पाठ्यपुस्तक वितरण तथा छात्रबृत्ति वितरणका कार्य गर्दा स्वास्थ्य सम्वन्धि मापदण्डहरुको पूर्ण पालना गर्ने, गराउने ।

श्री सूचना प्रविधि शाखा: सूचना Website मा राखिदिनुहुन ।